त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रहि पत्रपत्रिकहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रास्ताव पेश गरेको छु/छौं।

फर्म/कम्पनीको नामः

ठेगानाः

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखतः

(संचालक, प्रोप्रायटर वा संस्थाले अख्तियारी दिइएको व्यक्ति) :

पुरा नामः

मितिः

फोन नं.

फर्मको छापः

मोवाइल नं.

## खण्ड क

## सामान्य जानकारी तथा शर्त

### १. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशन

१.१ प्रस्तावदाताले प्रस्तावको वाहिरपट्टी शीरमा **"रुवी भ्याली गाउँपालिकाको लागि पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्वन्धी प्रस्ताव"** भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, रुवी भ्याली गाउँपालिका, सेर्तुङ, धादिङलाई सम्बोधन गरेको हुनुपर्दछ ।

१.२ प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । सो लेख्दा भरिसक्य नबिराइकन स्पष्ट बुझिने गरी लेखु पर्नेछ । कथंकदाचित गल्ती भई सच्याउनू पर्ने भएमा अंक र अक्षर खुर्कनू वा मेट्नु हुँदैन । गल्ती भएको अंक र अक्षर पढ्न सकिने गरी एउटा धर्साले काटी थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेखु पर्ने हो सो लेखी थप तथा काटेको ठाउंमा अरु अङ्क र अक्षर थप घट गर्न नमिल्नेगरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

१.३ प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नुपर्नेछ ।

१.४ पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्बक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनु पर्नेछ ।

१.५ प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार गाउँपालिकामा निहित रहने ।

१.६ प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा रहनेछ ।

१.७ रित नपुगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

१.८ प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा यस गाउँपालिकाको सेर्तुङ, धादिङमा सम्पर्क राख सकिनेछ ।

### २. प्रस्ताव दाताले कार्य सम्पादनका सिलसिलामा पालना गर्नुपर्ने कार्यक्षेत्रगत शर्तहरुः

२.१ कबोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेटमा लागु हुनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

२.२ सम्बन्धित पत्रपत्रिकाले सुचना प्रकाशित गर्ने सम्वन्धमा कुनै किसिमको विशेप योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट गाउँपालिकालाई समेत उपलब्ध गराउनु पर्नेछ ।

२.३ प्रकाशन गर्नु पर्ने सुचना यस गाउँपालिकाले दिएको लिखित आदेश वमोजिम तोकिएको मिति, समय र पृष्टमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

२.४ यस गाउँपालिकाले दिएको आदेश विपरित प्रकाशित समाग्रीको रकम गाउँपालिकाले भुक्तानी गर्ने छैन ।

२.५ समान्यतया सुचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिन अगावै यया समयमै लिखित आदेश र सुचना उपलब्ध गराइने छ । तर आकस्मिक रुपमा सुचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२.६ स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नुपर्ने सुचना गाउँपालिकाको सेर्तुङ, धादिङमा वा गाउँपालिकाले तोकेको ठाउँमा गई संकलन गर्नुपर्नेछ ।

२.७ स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको विल यस गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२.८ स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनैपनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

## **३. प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।**

प्रस्तावका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. प्रस्तावदाताले यस गाउँपालिकाको सुचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपुर्ण पोस्ट, नेपाल समाचारपत्र, नयां पत्रिका, कारोवार, राष्ट्रिय अभियान, दि हमालन टाईम्स, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Times लगायतका पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. प्रस्तावदाताले उपरोक्तानूसारको पत्रपत्रिकाको विज्ञापनको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

## **४. मुल्याङ्कन सम्बन्धी व्यवस्था**

४.१ प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४.२ तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुट्टै रुपमा मुल्याङ्कन गरिनेछ ।

४.३ तोकिए बमोजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनूरुप कार्य गर्न इच्छूक प्रस्ताबदाताहरु मध्ये सबैभन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्विकृत गरिनेछ ।

## **५. भूक्तानी सम्बन्धी व्यवस्था**

५.१ स्वीकृत प्रस्तावदाता बाट कार्य सम्पन्न पश्चात पेश हुन आएको बिलको भुक्तानी एकाउन्टपेयी चेकल वा विद्युतीय भुक्तानी प्रणालीबाट गरिनेछ । पेश्की तथा आशिंकरुपमा रकम उपलब्ध गराइनेछैन ।

५.२ प्रस्ताव सम्बन्धी फाराममा उल्लिखित कबोल छुट प्रतिशत सम्झौता भएको मितिले १ वर्षको लागि कायम रहनेछ ।

## ६. विविध व्यवस्था

६.१ प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ।

६.२ प्रस्ताव सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) बमोजिम हुनेछ।

**खण्ड "ख"**

<u>छुट प्रस्ताव</u>

| क्र.सं. | पत्रिकाको नाम | न्यूनतम आधिकारीक दर (प्रति सि.सि.) | छुट प्रतिशत | | रकम (प्रति सि.सी.) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | | | | |

**नोटः**

१. छुट प्रतिशत सम्बन्धीत पत्रपत्रिकाको आधिकारीक रुपमा प्रकाशित दर रेटमा लागु हुनेछ।
२. छुट प्रतिशत यसै आ.व. २०८१/०८२ सम्मको लागी लागु हुनेछ।
३. आधिकारिक रुपमा प्रकाशित दर रेटमट उल्लेखित कबोल छुट रकम घटाएपछि आउने रकममा मूल्य अभिवृद्धि कर लाग्नेछ।

प्रस्तावकको नामः

मितिः

फर्मको छापः

हस्ताक्षरः

फर्मको नामः